# मालिका राजपत्र

मालिका गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ३ | संख्याः ५ | मितिः २०८१।०४।२७

भाग - २

मालिका गाउँपालिका


## मालिका गाउँपालिकाको

# औषधि पसल (फार्मेसी) संचालन अनुमति, अनुगमन र नियमन कार्यविधि, २०८१

प्रमाणिकरण मितिः २०८१।०५।०७

स्थानीय राजपत्रमा प्रकाशित मितिः २०८१।०५।०७

मालिका गाउँपालिका

म्याग्दी जिल्ला

गण्डकी प्रदेश, नेपाल

प्रस्तावनाः

नेपालको संविधानमा उल्लेख गरिएको मौलिक हकको पालन गर्नु राज्यको दायित्व भएको, नेपालको संविधानको अनुसूची ८ को (९) बाट स्थानीय तहलाई प्राप्त आधारभूत स्वास्थ्य र सरसफाईको अधिकार अन्तर्गत रहदै तथा स्थानीय सरकार संचालन ऐनको दफा ११ को उपदफा (२) को देहाय (झ९) को व्यवस्था कार्यान्वयन गर्न र नेपालको संविधानको धारा २२१ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरि यो कार्यविधि बनाई लागु गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१) संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

क) यस कार्यविधिको नाम "मालिका गाउँपालिकाको औषधि पसल (फार्मेसी) संचालन अनुमति, अनुगमन र नियमन कार्यविधि, २०८१" रहेको छ

ख) यो कार्यविधि गाउँकार्यपालिकाबाट पारित भइ पालिका अध्यक्षले प्रमाणित गरि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ

२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "पालिका" भन्नाले मालिका गाउँपालिका, म्याग्दी सम्झनु पर्दछ

ख) "औषधी पसल" भन्नाले औषधि विक्री वितरण गर्ने उद्दश्यले स्थानीय थोक तथा खुद्रा औषधि पसल सम्झनु पर्दछ

ग) "गाउँपालिका औषधि निरीक्षक" भन्नाले औषधि पसल निरीक्षणको लागि गाउँपालिकाद्वारा तोकिएको नियम २३ बमोजिम योग्यता प्राप्त गाउँपालिकाको कर्मचारी सम्झनु पर्दछ

घ) "विभाग" भन्नाले सङ्घीय औषधी व्यवस्था विभाग सम्झनु पर्दछ

ङ) "औषधि ऐन नियम" भन्नाले सङ्घीय औषधी ऐन सम्झनु पर्दछ

च) "जाँचबुझ तथा निरीक्षण नियमावली" भन्नाले सङ्घीय जाँचबुझ तथा निरीक्षण नियमावली सम्झनु पर्नेछ

छ) "फर्मासिस्ट" भन्नाले नेपाल फार्मेसी परिषद्मा फर्मासिस्टमा दर्ता भएका व्यक्ति सम्झनु पर्नेछ

ज) "फार्मेसी सहायक" भन्नाले नेपाल फार्मेसी परिषद्मा फार्मेसी सहायकमा दर्ता भएका व्यक्ति सम्झनु पर्नेछ

झ) "व्यवसायी" भन्नाले औषधी ऐनको दफा १७ अन्तर्गत मान्यता प्राप्त व्यक्ति सम्झनु पर्नेछ

## परिच्छेद २

## औषधि पसल दर्ता तथा नविकरण

३) औषधि पसल दर्ता :

१. यस गाउँपालिका भित्र कुनैपनी व्यक्तिले औषधि पसल संचालन गर्न चाहेमा देहायका कागजात सहित औषधी दर्ता नियमावली २०३८ को अनुसूची ८ बमोजिमको गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

क) औषधि विक्री वितरण गर्ने व्यक्ति/व्यक्तिहरुको नेपाल फार्मेसी परिषद्मा फर्मासिस्ट वा फार्मेसी सहायकमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी

ख) नेपाली नागरिकता वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपी

ग) शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपीहरु

घ) विक्री वितरण गर्ने व्यक्ति र धनि अलग भएमा धनिको नागरिकताको प्रतिलिपी

ङ) विक्री वितरण गर्ने व्यक्ति/व्यक्तिहरुको औषधि विक्री वितरणमा आफै कार्यरत रहने भन्ने कबुलियत पत्र

२. यो कार्यविधि लागु हुनु पुर्व औषधि व्यवस्था विभागमा दर्ता भएका गाउँपालिका भित्रका औषधि पसलले ६ महिना भित्र प्रमाणपत्रको प्रतिलिपी सहित सूचीकरण गर्नुपर्ने छ

३. उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएपछि गाउँपालिकाले छानविन गरि पालिकाले तोकेको दस्तुर लिइ औषधि दर्ता नियमावली २०३८ को अनुसूची ९ बमोजिमको प्रमाणपत्र दिनेछ

४. प्रमाणपत्रको म्याद र नवीकरणः

क) दर्ता भएका औषधि पसलको पहिलो पटक २ वर्ष र त्यसपछि १/१ वर्षको म्याद रहने छ

ख) प्रमाणपत्रको म्याद समाप्त हुनु अघि नै गाउँपालिकाले तोकेको दस्तुर तिरी हरेक वर्षको लागि नवीकरण गराउनु पर्नेछ

ग) कुनै कारणबस समयमा नवीकरण गर्न नसकेमा पहिलो ३ महिनासम्म ५०० सम्म थप दस्तुर र त्यसपछिको ९ महिना शतप्रतिशत थप दस्तुर तिरी नवीकरण गर्न सकिने छ

घ) एक वर्षसम्म पनि नवीकरण नगरेमा त्यस्तो प्रमाणपत्र स्वतः रद्द भएको मानिने छ

ङ) एक पटक रद्द भइसकेको औषधि पसल पुन दर्ता गर्नु परेमा रद्द भएको प्रमाणपत्र म्याद समाप्त भएको अवधिभरको शतप्रतिशतको हिसाबले जरीवाना समेत तिर्नु पर्नेछ

५. बर्गिकरण गर्न सक्नेः गाउँपालिका अन्तर्गत संचालन हुने औषधि पसलको सेवा र आकारका आधारमा गाउँपालिकाको कार्यालयले निम्न बमोजिम वर्गीकरण गर्नेछ

क) फर्मासिस्ट मार्फत सेवा प्रदान हुने ठुला, साना वा मझौला

ख) फार्मेसी सहायक मार्फत सेवा प्रदान हुने ठुला, साना वा मझौला

ग) व्यवसायी मार्फत सेवा प्रदान हुने ठुला, साना वा मझौला

६. विवरण विभागमा पठाउनेः प्रत्येक दर्ता तथा नवीकरण भएका औषधि पसलको रेकर्ड विभागमा पठाईने छ ।

## परिच्छेद ३

## औषधि पसलको अनुगमन तथा निरीक्षण

७. निरीक्षण, अनुगमन गर्न सक्नेः

क) गाउँपालिकाको औषधि निरीक्षकले गाउँपालिका क्षेत्र भित्रका औषधि पसलको निरीक्षण अनुगमन गर्न सक्ने छ ।

ख) उपनियम (क) बमोजिम निरीक्षण पर्दा औषधि ऐन २०३५ तथा औषधि जाँचबुझ तथा निरीक्षण नियमावली २०४० मा उल्लेखित विधि अबलम्बन गर्नु पर्नेछ ।

## परिच्छेद ४

## औषधि पसलको सेवा संचालन

८. औषधि पसल संचालनमा अतिरिक्त सेवा संचालनः

क) कुनैपनी औषधि पसलले क्लिनिक संचालन गर्न चिकित्सक राखी सेवा संचालन गरेमा चिकित्सकको व्यक्तिगत विवरण सहित क्लिनिक संचालन कार्यविधी गाउँपालिकामा पेश गर्नुपर्ने छ

ख) साप्ताहिक/पाक्षिक/मासिक वा कुनैपनी समयमा चिकित्सक सेवा प्रदान गर्ने औषधि पसलले चिकित्सकको स्वयं प्रमाणित व्यक्तिगत विवरण र सेवाको किसिम सहितको कार्यविधि गाउँपालिकामा पेश गर्नु पर्नेछ

ग) स्थानीय रुपमा सुचना प्रचार तथा प्रसारण गर्दा सेवा प्रदान गर्ने स्वास्थ्य क्षेत्रको बारेमा गाउँपालिकालाई अग्रिम प्रमाणित गराई प्रचार तथा प्रसारण गर्नु गर्नेछ

घ) औषधि पसलले कुनै विशेषज्ञ शिविर संचालन गर्नु परेमा गाउँपालिका सँग अग्रिम अनुमति लिई संचालन गर्नुपर्ने छ

ङ) चिकित्सकीय सेवा प्रदान गर्दा विरामी संख्या, सेवाको प्रकार, उमेर समुह, लिङ्ग र जातजाति खुलेको प्रतिवेदन प्रत्येक महिनाको ५ गते गाउँपालिकाको स्वास्थ्य शाखामा पेश गर्नुपर्ने छ

च) औषधि पसलले अन्य अतिरिक्त सेवा (ल्याब, एक्सरे, ई.सी.जी., यु.एस.जी. आदि) संचालन गर्ने अवस्थामा विभागीय स्वीकृति लिएर आवश्यक कागजात सहित गाउँपालिकाको कार्यालयमा दर्ता गर्नु पर्ने छ ।

## परिच्छेद ५

## विविध

९. प्रतिवेदन पठाउनु पर्नेः

क) गाउँपालिकाको औषधि निरीक्षकले निरीक्षण अनुगमन गरिसकेपछी सो को कारबाहीको लागि आफ्नो राय सहित विभागमा पठाउनु पर्नेछ

ख) कुनै विषमा विभागबाट अधिकार प्रत्यायोजन प्राप्त भएको अवस्थामा निरीक्षकले कारबाही किनार गर्न सक्ने छन्

१०. निरीक्षकको योग्यता : निरीक्षकको योग्यता औषधी ऐनको दफा २३ मा उल्लेख भए बमोजिम हुनेछ

११. कर्मचारी नियुक्ती गर्नेः यो कार्यविधि कार्यान्वयनको लागि गाउँपालिकाले योग्यता पुगेका कर्मचारी नियुक्ती गर्ने छ साथै योग्यता पुगेका उपलब्ध जनशक्तिलाई सो कार्यमा खटाउन सक्नेछ

१२. संघीय ऐन नियम बमिजिम हुनेः यो कार्यविधि अन्तर्गत उल्लेख नभएका विषय सङ्घीय औषधि ऐन नियम बमोजिम हुनेछ

प्रमाणिकरण मितिः २०८१/०५/०६

आज्ञाले
(अशोक रिजाल)
प्रमुख प्रशासकीय अधिकृत